UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# प्रेस विज्ञप्ति चैत्र २९, २०६३

**अनमिनले नेपाली सेनाका हातहतियारको दर्ता र भण्डारण कार्य सकेको छ।**

हतियार तथा सेना व्यवस्थापन अनुगमन सम्बन्धि सम्झौता (एएमएमएए) अनुसार नेपाल स्थित संयुक्त राष्ट्रसंघीय मिसनले नेपाली सेनाका हातहतियारहरुको दर्ता र भण्डारणको तीन दिने प्रकृया आज छाउनी व्यारेक काठमाडौमा समापन गरेको छ। यस कार्यले नेपाली सेनाको हातहतियारको दर्ता र माओवादी लडाकुहरु र हतियारको दर्ताको प्रथम चरणको कार्य समापन भएको छ।

अनमिनले नेपाली सेनाको राईफलहरु, मेसिन गनहरु, सब-मेसिन गनहरु, पेस्टोलहरु र मोर्टारहरु लगायत २८५५ वटा हातहतियार दर्ता गरेको छ र ती हतियारहरु अहिले ताला लगाईएका कन्टेनरहरुमा भण्डारण गरिएका छन्। त्यसको साँचो नेपाली सेनाको कमाण्डर संग छ। अनमिनका हातहतियार अनुगमन कर्ताहरुले ती हतियारको विद्युतीय निगरानी सहित २४ सैं घण्टा अनुगमन गरीरहेका छन्।

अनमिनले दर्ता र भण्डारण गरेका यी हातहतियारहरुको संख्या माओवादी सेनाको हातहतियार दर्ता गरेको र भण्डारण गरेको संख्या संग बराबर छ। हतियारको प्रकार पनि उस्तै छन्। दर्ता, भण्डारण एवं हतियारको अनुगमन गर्ने तौर तरिका पनि सबै माओवादी सेनाको सम्बन्धमा गरिए जस्तै नै छन्।

संयुक्त राष्ट्रसंघीय महासचिवको नेपालस्थित विशेष प्रतिनिधि ईयान मार्टिनले अनमिनका संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) का अध्यक्ष जान एरिक विल्हेल्मसेन तथा जेएमसीसी का उपाध्यक्ष तथा नेपाली सेनाका वृगेडियर शिव प्रधान सहित आज नेपाली सेनाको छाउनी व्यारेकमा हतियारको भण्डारणको निरिक्षण गर्नु भयो। निरिक्षण कार्य पश्चात विशेष प्रतिनिधि मार्टिन र जनरल विल्हेल्मसेनले प्रधान सेनापति जनरल कटुवाल संग भेटी यो दर्ता प्रक्रियामा र जेएमसीसीको सम्पूर्ण कार्यमा नेपाली सेना बाट प्राप्त भएको अति राम्रो सहयोगको सह्राअना गर्नु भयो।

मार्टिनले भन्नुभयो "हातहतियारको दर्ता र भण्डारणको पहिलोचरणको कार्यमा नेपाली सेना र माओवादी सेनाबाट अति उत्तम सहयोग प्राप्त भयो। यो नेपालको शान्ति प्रकृयामा एउटा महत्वपूर्ण योगदान हो। यस कार्यले यो दोश्रोचरणको प्रकृयालाई एउटा मजबुत आधार प्रदान गर्दछ, जब अनमिनले माओवादी शिविरहरुमा दर्ता भएका लडाकुहरुको विस्तृत प्रमाणिकरण गर्नेछ।

दर्ता प्रकृयाका परिणामहरु अनमिनका जनरल जान एरिक विल्हेल्मसेनले अध्यक्षता गरेको संयुक्त अनुगमन समन्वय समिति समक्ष प्रस्तुत गरिनेछ। माओवादी लडाकुहरुको प्रमाणिकरण कार्य चाँडै नै शुरु हुनेछ।

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal,
Tel: + 977-1-5010036/37/38
Fax: +977-1-5010040